सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४७ ♦ २०८३ साल जेष्ठ ८ शुक्रवार ♦ 22 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मिथिला नगरपालिकामा ग्राभेल उत्खनन रोक्न स्थानीयको विरोध



खबर दर्पण समाचारदाता

**जेष्ठ ७ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-९, स्थित बडहरी खोलाबाट भइरहेको ग्राभेल उत्खनन रोक्न स्थानीयले माग गरेका छन् ।

बिहीबार स्थानीयले उत्खनन रोक्न माग राख्दै ढल्केबरस्थित मिथिला नगरपालिकाको कार्यालय अगाडि टायर बालेर नाराबाजी गर्दै केही समय पूर्वपश्चिम राजमार्गसमेत अवरुद्ध गरेका हुन् ।

आन्दोलनरत स्थानीय नागेन्द्र महतोले खोलाबाट जथाभावी ग्राभेल उत्खनन हुँदा नदी आसपासका खेतीयोग्य जमिन भासिने जोखिम बढेको र उत्खननपछि खोलामा ठूलाठूला खाडल बनाएर छोडिदिनाले बालबालिका डुब्ने जोखिमसमेत बढेको बताउनुभयो ।

उहाँले ग्राभेल उत्खननका कारण वातावरणीय तथा मानवीय जोखिम बढेको भन्दै स्थानीय आन्दोलित बनेको जानकारी दिनुभयो । मिथिला नगरपालिकाले नगर क्षेत्रभित्रका बडहरी, बसही, औरही, जलाधार र रातु खोला गरी छ वटा खोला ग्राभेल उत्खननका लागि काठमाडौंस्थित नेरिसा कन्ट्रक्सन कम्पनी प्रालिलाई तीन करोड पाँच लाख ६२ हजार २७३ रुपियाँमा ठेक्का दिएको छ ।

महतोले ठेक्का सम्झौता रद्द गरेर भए पनि उत्खनन कार्य तत्काल बन्द गर्नुपर्ने बताउँदै भन्नुभयो, "अब बडहरी खोलाबाट एउटा ट्याक्टरलाई पनि ग्राभेल लैजान दिँदैनौं ।"

स्थानीयले माग पूरा नभएसम्म आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत उहाँले दिनुभयो ।स्थानीयको विरोधपछि मिथिला नगरपालिकाका प्रवक्ता रामबहादुर स्याङ्दनले स्थानीयको माग सम्बोधन गरिने बताउँदै आवश्यक प्रक्रिया पूरा गरेर ठेक्का रद्द गर्ने विषयमा छलफल भइरहेको जानकारी दिनुभयो ।

# मधेश प्रदेशको सत्ता समीकरण फेरियो

खबर दर्पण समाचारदाता

**जेष्ठ ७ गते, बर्दिवास**

मधेश प्रदेशको सत्ता समीकरण फेरिएको छ। नेपाली कांग्रेसको नेतृत्वमा रहेको मधेश प्रदेश सरकारबाट जनता समाजवादी पार्टी र जनमत पार्टी बाहिरिएका छन् भने नेकपा (एमाले) सहभागी भएको छ ।

प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिशमा बिहीबार मन्त्रीपरिषद् पुनर्गठन गर्दै नेकपा (एमाले) का नवनियुक्त मन्त्री महम्मद समिरलाई शपथग्रहण गराउनुभएको छ । नवनियुक्त मन्त्रीलाई कुनै मन्त्रालयको जिम्मेवारी दिइएको छैन। अहिले बिनाविभागीयमन्त्रीका रूपमा शपथग्रहण गराइएको छ ।

यसअघि मन्त्रीपरिषद्मा रहेका जसपाका मनीष सुमन, राजकुमार गुप्ता र रानी शर्मा तिवारी तथा जनमतका महेश यादव र वसन्त कुशवाहालाई हटाइएको छ। जसपाका सुमन श्रम तथा यातायात, गुप्ता भौतिक पूर्वाधार विकास र तिवारी शिक्षा तथा संस्कृतिमन्त्री हुनुहुन्थ्यो । यस्तै जनमतका यादव अर्थमन्त्री र कुशवाहा खेलकुद तथा समाज कल्याणमन्त्री हुनुहुन्थ्यो ।



मधेस प्रदेश सरकारमा नेकपा (एमाले) को तर्फबाट सरकारमा सहभागी महम्मद समिर र साथमा नेताहरु ।

जसपा र जनमतले पाएको पाँच मन्त्रालय मुख्यमन्त्री यादवले तत्काल आफूसँगै राख्नुभएको छ । मधेश प्रदेशमा अहिले नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीका मन्त्रीहरू सहभागी हुनुहुन्छ ।

मधेश प्रदेशसभाको शुक्रबार बस्ने वैठकमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिने कार्यक्रम रहेको छ ।

मधेश प्रदेश सरकारमा सहभागी जनमत पार्टीले बैशाख २२ गते मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लाग्नुभएको हो ।

सरकारमा सहभागी दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि ३० दिन भित्रमा विश्वसको मत लिनु पर्ने कानुनी व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले विश्वासको मत लिन लाग्नुभएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेश सभा सचिवालयका अनुसार प्रदेश सभाका सभामुख रामअशिष यादवले शुक्रबार दिउसो १ वजेका लागि प्रदेशसभाको वैठक बोलाउनुभएको छ। मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई जनमत पार्टीले समर्थन फिर्ता लिए पनि जसपा नेपाल र नेपाली कम्युनिष्ट पार्टीको समर्थन कायम रहेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले समर्थन फिर्ता लिएका दलले पनि समर्थन गर्ने किसिमको वातावरण तयार भइरहेको बताउनु भयो । उहाँले सरकार बाहिर रहेका दलहरुलाई पनि सरकारमा समेटने किसिमको वातावरण तयार भइरहेको बताउनुभयो ।

मधेश प्रदेशसभामा अहिले जसपा नेपालको २६, नेकपा (एमाले) को २४, नेपाली काँग्रेसको २२, नेपाली कम्युनिष्ट पार्टीको १५, जनमत पार्टीको १२, नेपाल संघीय समाजवादी पार्टीको १ र राप्रपा नेपालको १ जना प्रदेश सभा सदस्य कायम छ। दुई जना प्रदेशसभा सदस्य निलम्वनमा पर्नुभएको छ। चार जना प्रदेशसभा सदस्यले गत निर्वाचनको समयमा राजीनामा दिनु भएको थियो ।

मधेश प्रदेशसभा हाल कायम रहेको १०३ प्रदेशसभा सदस्यमा बहुमतका लागि ५२ जना प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ। यसैबिच मधेस प्रदेश सरकारमा नेकपा (एमाले) सहभागी भएको हो ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# मलमासमा जाग्ने गेरुका धामको महिमा

खबर दर्पण समाचारदाता

**जेष्ठ ७ गते, बर्दिवास**

मधेस प्रदेशको धार्मिक तथा सांस्कृतिक जीवनमा विशेष महत्व राख्ने गेरुका धाम अहिले फेरि श्रद्धा, भक्ति र आस्थाले भरिन थालेको छ। प्रत्येक तीन वर्षमा एकपटक पर्ने मलमास अर्थात पुरुषोत्तम माससँगै लाग्ने एकमहिने गेरुका स्नान मेला आइतबार देखि सुरु भएसँगै महोत्तरीको लोहारपट्टी नगरपालिका-४ स्थित खुट्टा पिपरारी क्षेत्र भक्तजनको आगमनले गुञ्जायमान बनेको छ। धनुषा र महोत्तरी जिल्लाको सीमामा अवस्थित यस ऐतिहासिक तथा धार्मिकस्थलमा बिहानैदेखि हजारौं श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना र दर्शनका लागि पुग्न थालेका छन् । रामायणकालीन इतिहास बोकेको मानिने गेरुका धाम मिथिला क्षेत्रको प्राचीन धार्मिक परम्परासँग गाँसिएको स्थल हो।

धार्मिक ग्रन्थ तथा स्थानीय जनविश्वासअनुसार माता सीताले समेत यहाँ स्नान गर्ने गरेको उल्लेख पाइन्छ। यही कारण गेरुका नदीलाई मिथिलावासीले अत्यन्त पवित्र नदीका रूपमा मान्दै आएका छन्। विशेषगरी पुरुषोत्तम मासमा यस नदीमा स्नान गरे जानी-नजानी गरिएका पापबाट मुक्ति मिल्ने, मनोकामना पूरा हुने तथा अक्षय पुण्य प्राप्त हुने विश्वास रहिआएको छ।

मेलाको शुभारम्भका अवसरमा आइतबार बिहान जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाइमा भगवान् राम र माता सीताको स्वरुपलाई गेरुका नदीमा लगेर विशेष पूजा गरिएको थियो। वैदिक मन्त्र, शङ्खध्वनि र भजनकीर्तनबीच गरिएको धार्मिक अनुष्ठानले सम्पूर्ण क्षेत्र भक्तिमय बनेको थियो। श्रद्धालु भक्तजनले नदीमा स्नान गरी भगवान् पुरुषोत्तमको पूजा-आराधना गरेका थिए।

स्थानीयवासी तपेश्वर यादवका अनुसार गेरुका धाममा मेला लाग्ने परम्परा सयौं वर्ष पुरानो हो। कन्तावाँ नदी र उत्तरवाहिनी नदीको संगमस्थलमा रहेको यस धाममा प्राचीनकालदेखि नै गेरुका महाकुम्भ मेला लाग्दै आएको जनविश्वास छ। मिथिला क्षेत्रका विभिन्न धार्मिक ग्रन्थ, लोककथा र जनश्रुतिमा समेत गेरुका धामको चर्चा पाइन्छ।

मधेश प्रदेशका आठवटै जिल्लासहित छिमेकी भारतीय राज्य बिहार बाट समेत प्रत्येक दिन हजारौं भक्तजन यहाँ पुग्ने गरेका छन्। मेला अवधिभर लाखौं भक्तजनले स्नान गर्ने अनुमान गरिएको छ। विशेषगरी आइतबार र मङ्गलबारलाई शुभ दिन मानिने भएकाले ती दिन अत्यधिक भिड लाग्ने गरेको स्थानीयवासी राघनी यादवले बताए।

स्थानीय पिपरारी निवासी ७० वर्षीय भिखारी मण्डलका अनुसार गेरुका स्नानप्रतिको जनआस्था अत्यन्त गहिरो छ। "यस स्थानको महत्व यति धेरै छ कि कुनै ठूलो प्रचार-प्रसार नगर्दासमेत लाखौं श्रद्धालु यहाँ आउने गर्छ," उनले भने, "मानिसहरू पुस्तौंदेखि परम्परागत रूपमा यहाँ आइरहेका छन् । गेरुका स्नान गरे पुण्य प्राप्त हुन्छ भन्ने विश्वासले मानिसलाई तानेर ल्याउँछ ।"

अर्का एक वृद्धले भने, "सरकारले व्यवस्थित ढङ्गले प्रचार-प्रसार, संरक्षण र पूर्वाधार विकास गर्न सके गेरुका धामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ । "भारतको कुम्भमेलाजस्तै ठूलो धार्मिक गन्तव्य बन्ने सम्भावना रहेकाले राज्यले दीर्घकालीन योजना बनाएर काम गर्नुपर्छ ।"

वास्तवमा गेरुका धाम धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता र सांस्कृतिक पहिचानको जीवित प्रतीक पनि हो । मिथिलाञ्चलको सांस्कृतिक जीवन नदी, पोखरी, मठ-मन्दिर र धार्मिक मेलासँग गहिरोसँग जोडिएको छ ।

गेरुका मेला पनि त्यही सांस्कृतिक निरन्तरताको महत्वपूर्ण हिस्सा हो । मेलाका बेला यहाँ केवल स्नान र पूजा मात्र हुँदैन, मिथिला संस्कृति, लोकपरम्परा र सामुदायिक जीवन पनि जीवन्त बन्छ। गाउँघरबाट परिवारसहित आएका श्रद्धालु नदी किनारमा भजन-कीर्तन गर्ने, साधुसन्तहरूको प्रवचन सुन्ने तथा सामूहिक पूजा गर्ने दृश्यले सम्पूर्ण क्षेत्रलाई धार्मिक उत्सवमा परिणत गरिदिन्छ।

धार्मिक मेलाले स्थानीय अर्थतन्त्रलाई समेत ठूलो टेवा पुर्‍याउने गरेको वडाध्यक्ष श्यामप्रसाद यादवले बताए। मेला अवधिभर अस्थायी बजार सञ्चालन हुने, पूजासामग्री, कपडा, भाँडाकुँडा, मिठाइ तथा स्थानीय परिकारको व्यापार बढ्ने गरेको व्यापारीहरू बताउँछन् । स्थानीय होटल, यातायात व्यवसायी र साना व्यापारीलाई पनि मेलाले राम्रो आम्दानी दिने गरेको छ।

महोत्तरी र धनुषा जिल्लाका ग्रामीण क्षेत्रका धेरै परिवारका लागि गेरुका मेला अतिरिक्त आम्दानीको अवसरसमेत बन्ने गरेको छ । स्थानीय महिलाहरूले घरमै बनाएका सामग्री बिक्री गर्ने गरेका छन् भने युवाहरू अस्थायी व्यवसाय सञ्चालन गरेर आम्दानी गर्ने गरेका छन्।

यति ठूलो धार्मिक महत्व बोकेको गेरुका धाम अझै पनि आवश्यक पूर्वाधार विकासबाट वञ्चित रहेको स्थानीयवासीको गुनासो छ । मेलाका बेला लाखौं श्रद्धालु आउने गरे पनि व्यवस्थित सडक, पार्किङ, खानेपानी, शौचालय, विश्रामस्थल तथा स्वास्थ्य सेवा पर्याप्त छैनन्। श्रद्धालु भक्तजनको सुरक्षाका लागि स्थानीय प्रशासनले अस्थायी प्रहरी सहायता कक्ष, स्वास्थ्य शिविर तथा स्वयंसेवक परिचालन गरेको जनाएको छ।

लोहरपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्रकुमार यादवका अनुसार गेरुका धामको दीर्घकालीन विकासका लागि योजना तयार पार्ने विषयमा छलफल भइरहेको छ। धार्मिक पर्यटन प्रवर्द्धनमार्फत मधेश प्रदेशको आर्थिक तथा सांस्कृतिक विकासमा योगदान पुर्‍याउने उद्देश्यले गेरुका क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक रहेको बताए।

धार्मिक पर्यटनका दृष्टिले हेर्ने हो भने गेरुका धाम अत्यन्त सम्भावनायुक्त क्षेत्र मानिन्छ। जनकपुरधामस्थित जानकी मन्दिर , धनुषाधाम, जलेश्वरनाथ महादेव, कङ्कालिनी मन्दिरलगायत मधेसका प्रमुख धार्मिक स्थलसँग यसलाई जोडेर धार्मिक पर्यटन परिपथ निर्माण गर्न सकिने नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहको सुझाव छ ।

मिथिला संस्कृतिका अध्येताहरूका अनुसार गेरुका धाम केवल धार्मिक स्थल मात्र होइन, मिथिलाको ऐतिहासिक स्मृति र सांस्कृतिक निरन्तरताको प्रतीक हो । यहाँ लाग्ने मेला सामूहिक आस्था, सामाजिक एकता र सांस्कृतिक पहिचानको अभिव्यक्ति पनि हो।



धर्म, संस्कृति र परम्पराले समाजलाई जोड्ने काम गर्छ । गेरुका मेला पनि त्यही सामाजिक एकताको सशक्त माध्यम बनेको छ । विभिन्न जिल्ला तथा समुदायका मानिसहरू एउटै आस्था बोकेर यहाँ भेला हुने गरेका विज्ञहरूको तर्क छ । यसले सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वलाई बलियो बनाउने काम गरेको स्थानीय बुद्धिजीवीहरू बताउँछन् ।

मिथिलामा पुरुषोत्तम मासलाई विशेष धार्मिक महत्वका साथ मनाउने परम्परा छ । हिन्दू धर्मग्रन्थअनुसार अतिरिक्त महिना अर्थात मलमासलाई भगवान् विष्णुको पुरुषोत्तम स्वरुपसँग जोडेर हेर्ने गरिन्छ । यस अवधिमा स्नान, दान, पूजा र धार्मिक अनुष्ठान गरे विशेष पुण्य प्राप्त हुने विश्वास छ । यही कारण पुरुषोत्तम मास सुरु भएसँगै मिथिला क्षेत्रमा धार्मिक गतिविधि बढ्ने गरेका जानकार डा. भोगेन्द्र झाको भनाइ छ।

गेरुका धाममा स्नान गर्न आउने धेरै श्रद्धालु भक्तजन आफूले मनोकामना पूरा भएको अनुभव सुनाउने गर्छ । कतिपय भक्तजन हरेक पुरुषोत्तम मासमा यहाँ आउने परम्परा निभाउँदै आएका छन्। वृद्धवृद्धादेखि युवायुवती र बालबालिकासम्मको सहभागिताले मेलालाई अझ जीवन्त बनाएको छ। गेरुका नदीको प्राकृतिक सौन्दर्य पनि आकर्षणको केन्द्र बनेको छ । हरियाली वातावरण, नदीको शान्त बहाव र धार्मिक वातावरणले यहाँ आउनेलाई आध्यात्मिक अनुभूति दिलाउने गरेको श्रद्धालुहरूको भनाइ छ।

स्थानीयवासीहरूका अनुसार गेरुका धामको महत्व बढ्दै गए पनि यसको ऐतिहासिक तथा पुरातात्विक अध्ययन भने पर्याप्त हुन सकेको छैन । प्राचीन मिथिला सभ्यतासँग यसको सम्बन्धबारे विस्तृत अनुसन्धान आवश्यक रहेको उनीहरूको भनाइ छ।

विशेषज्ञहरूका अनुसार धार्मिक आस्थासँग जोडिएका यस्ता स्थलको संरक्षण केवल धार्मिक दृष्टिले मात्र होइन, सांस्कृतिक सम्पदाको संरक्षणका हिसाबले पनि महत्वपूर्ण हुन्छ । उचित संरक्षण र प्रवर्द्धन गर्न सके गेरुका धाम मधेश प्रदेशकै पहिचानका रूपमा स्थापित हुन सक्ने सम्भावना देखिन्छ।

आधुनिकता र प्रविधिको विस्तारसँगै मानिसको जीवनशैली परिवर्तन हुँदै गए पनि परम्परागत धार्मिक विश्वास र सांस्कृतिक सम्बन्ध भने अझै मजबुत रहेको यहाँको दृश्यले देखाउँछ। एक महिनासम्म सञ्चालन हुने गेरुका स्नान मेलाले धार्मिक वातावरणलाई मात्र होइन, सम्पूर्ण क्षेत्रको सामाजिक तथा आर्थिक गतिविधिलाई पनि चलायमान बनाउने अपेक्षा गरिएको छ।

धार्मिक आस्था, मिथिला सभ्यता, सांस्कृतिक विरासत र जनविश्वासको अनुपम संगमका रूपमा रहेको गेरुका धाम अहिले फेरि लाखौं श्रद्धालु भक्तजनको केन्द्र बनेको छ।-रासस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# योजना तर्जुमा गर्दा बालबालिकाको उपस्थिती गराउन माँग



खबर दर्पण समाचारदाता
**जेष्ठ ७ गते, बर्दिबास**

महोत्तरी जिल्लाका बालक्लव तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले वाल परामर्श बैठकको माध्यमबाट योजना तर्जुमा र बजेट प्रक्रियामा बालबालिकाको पनि उपस्थिती गराउन माँग गरेको छ ।

स्थानीय सरकारको योजना तथा बजेट प्रक्रियामा बालबालिकाको आवाजलाई संस्थागत रुपमा समावेश गर्नु आवश्यक रहेको भन्दै बालक्लव तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले स्थानीयपालिकाका प्रमुखहरुलाई गुहार लगाइरहेका छन् ।

स्थानीय तहमा योजना तर्जुमा भइरहेको समयमा बालबालिकाको माँगहरुबारे समेत छलफल हुनु सकारात्मक रहेको छ ।

पछिल्लो समय जिल्लाको जलेश्वर तथा मटिहानी लगायतका नगरपालिकामा वाल परामर्श बैठकको माध्यमबाट बालबालिकाको आवाजलाई संस्थागत रुपमा अगाडी लग्न र बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आग्रह गरिरहेको छ ।

युरोपियन युनियनको आर्थिक सहयोग, सेभ द चिल्डेन र सेभ द सप्तरीसँगको समझदारी तथा मटिहानी नगरपालिकाको समन्वय र सहकार्यमा मटिहानीमा सञ्चालित 'गुणस्तरीय शिक्षा कोही पनि पछि नपरौं' परियोजना अन्तर्गत आयोजना गरिएको वाल परामर्श बैठकमा समेत उपस्थित सहभागीहरुले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बालबालिकाको उपस्थिती हुनुपर्नेमा जोड दिएका थिए ।

सेभ द सप्तरीका कार्यक्रम संयोजक प्रमोद कुमार महतोले मटिहानी नगरपालिकाका उपप्रमुख मंजु देवी साहको अध्यक्षतामा भएको बैठकमा बालबालिकाको अर्थपूर्ण सहभागिता बिना दिगो तथा समावेशी स्थानीय विकास सम्भव नभएको निष्कर्ष निकाल्दै व्यवस्थित सहजीकरण, तथ्यमा आधारित वकालत तथा वालमैत्री सहभागितामार्फत बालबालिकाका आवश्यकता र अधिकारलाई स्थानीय विकास योजनासँग जोडन सकिनेमा बैठकले जोड दिएको जानकारी दिनुभयो ।

बालबालिकाको सवाल, समस्या तथा आवश्यकता पहिचानको लागि बालबालिकाको उपस्थिती हुन जरुरी रहेको र यसले बाल सहभागिता सम्बन्धी स्थानीय तहमा अभ्यास पनि हुने निष्कर्ष निकाल्दै बैठकले हरेक वडाका पदाधिकारीहरुलाई बालबालिकालाई योजना तर्जुमा गर्दा सहभागिता गराउने निर्णय समेत गरेको कार्यक्रम संयोजक महतोले जानकारी दिनुभयो ।

स्थानीयतहले योजना तर्जुमा कार्यक्रम गर्दाको बखत बालबालिकाको उपस्थिती गराउँदा शिक्षा, बाल संरक्षण, स्वास्थ्य तथा पोषण, वालसहभागिता, समावेशीकरण तथा सामाजिक न्याय जस्ता एजेण्डाहरुको पनि पूर्णता हुने भएकोले यसमा जोड दिइने मटिहानी नगरपालिकाका उपप्रमुख मंजु देवी साहले बताइन ।

उहाँले बालबालिकाको माँग र आवश्यकता अनुसार नै योजना निर्माण र कार्यान्वयन गर्ने प्रतिवद्धता समेत बैठकमा व्यक्त गर्नुभएको थियो ।

यसैबीच, जलेश्वर नगर पालिकामा पनि स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बालसहभागिताको लागि नगर पालिकास्तरीय भेला गरिएको छ । सो भेलामा बालबालिकाहरुले विकासका प्राथमिकताहरु समेटेर बनाइएको चार्ट प्रस्तुत गर्दै जनप्रतिनिधिहरुलाई आफुहरुको आवश्यकता औल्याएका थिए । सो चार्टमा बालबालिकाहरुले शिक्षा, सडक, खानेपानी, सर सफाई, खेल मैदानलगायतका विषयहरु समेटेका थिए । जलेश्वर नगरपालिकाका उपप्रमुख रौशन खातुनले बालबालिकाबाट उठाइएका सुझाव र माँगहरुलाई सम्बोधन गरिने आश्वासन दिनुहुँदै सम्पूर्ण वडाध्यक्षहरुलाई आफ्नो वडामा योजना तर्जुमा गर्दा बालक्लव तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई उपस्थिती गराउन निर्देशन दिनुभएको थियो ।

स्थानीयतहहरुमा वैशाख-जेठमा वडास्तर र विषयगत छलफल गरि असार १० भित्र बजेट तथा कार्यक्रम सभामा पेश गर्नुपर्ने र असार मसान्तभित्र पारित गर्नुपर्ने नियम रहेको छ । सोही अनुसार अहिले स्थानीयतहहरु विभिन्न भेला तथा बैठक गरेर योजना तर्जुमा गरिरहेका छन् ।



**कुशल प्रोजेक्ट्स नेपाल प्रा.लि. द्वारा प्रस्तावित**
**बर्दिबास सौर्य विद्युत आयोजना (९.५ मे.वा.) को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको**
**सार्वजनिक सुनुवाई सम्बन्धी**
**सार्वजनिक सुचना**
**(प्रकाशित मिति: २०८३/२/८)**

यस कुशल प्रोजेक्ट्स नेपाल प्रा.लि. द्वारा मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. ८ मा ९.५ मे.वा. जडित क्षमता भएको बर्दिबास सौर्य विद्युत आयोजना निर्माणका लागि प्रस्ताव गरिएको छ। यस आयोजनाको कार्यसूची प्रतिवेदन नेपाल सरकार ऊर्जा, जलस्रोत सिंचाइ मन्त्रालयबाट स्वीकृत भइसकेको छ।

उक्त आयोजना कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय सरोकारवालाहरु, सरकारी कार्यालय, संघ/ संस्था तथा व्यक्तिगत राय/ सुझाव प्राप्त गर्ने उद्देश्यले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कार्यक्रममा सम्बन्धित संघ/ संस्था र सर्वसाधारणको उपस्थितिको लागि आमन्त्रण गरिएको छ। आयोजनाले असर पार्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरणहरु (संरचना र जग्गा) प्रभावित वडा कार्यालयमा टाँस गरिएको छ।

**कार्यक्रम सञ्चालन हुने**
मिति: २०८३/२/१४
समय: बिहान ११:०० बजे
स्थान: बर्दिबास नगरपालिका वडा नं. ८, आयोजना प्रस्तावित क्षेत्र

**प्रस्तावकको नाम: कुशल प्रोजेक्ट्स नेपाल प्रा.लि.**
**पत्राचार गर्ने ठेगाना: विराटनगर, मोरङ, नेपाल।**
**टेलिफोन नं.: ९८४११६४५५४**
**ईमेल: info@kushalprojects.com**


डेंगी ज्वरो
DENGUE FEVER



परिचय
डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

लामखुट्टेले टोक्ने समय
एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान
एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि

लक्षणहरु
यदि तपाईमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोला:
एक्कासि ज्वरो आउने
थकान महसुस हुने
आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरु देखापर्ने डेंगीका जटिल अवस्था हुन ।

गौशाला नगरपालिका,
महोत्तरी


## पालिकाको स्थानीयलाई अनुरोध



- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
- जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
- बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
- सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
- महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



- जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
- गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
- महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**रामगोपालपुर नगरपालिका,**
**महोत्तरी**

# महोत्तरीमा नवविवाहिताको शंकास्पद मृत्यु, दाइजोका कारण हत्या भएको माइती पक्षको आरोप

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**जेष्ठ ७ गते, महोत्तरी**

महोत्तरीको सम्सी गाउँपालिका-१ पर्सादेवाडमा एक नवविवाहिताको शंकास्पद मृत्यु भएको छ ।

माइती पक्षले दाइजोको विषयलाई लिएर हत्या गरिएको आरोप लगाएका छन् ।

सर्लाहीको हरिपुर्वा नगरपालिका-७ बसन्तपुर निवासी रामज्ञान मण्डलकी छोरी रञ्जिता मण्डलको विवाह २०८२ फागुन १४ गते महोत्तरीको सम्सी गाउँपालिका-१ पर्सादेवाड निवासी विजय मण्डलका छोरा रमेश मण्डलसँग भएको थियो । विवाह भएको ८३ दिन नपुग्दै रञ्जिताको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मंगलबार साँझ रञ्जिताले पासो लगाएर आत्महत्याको प्रयास गरेको भन्दै उनका श्रीमान्ले उपचारका लागि रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमिक अस्पताल पुऱ्याएका थिए । अस्पतालले उनलाई मृत घोषणा गरेको थियो ।मृतकका माइती पक्षले भने रञ्जिताले आत्महत्या नगरेको र उनको हत्या गरिएको दाबी गरेका छन् । मृतककी आमा कौशिल्या देवी मण्डलले केही दिनअघि छोरीसँग फोनमा कुरा हुँदा ससुराली पक्षले माइतीबाट भैंसी दाइजोमा ल्याउन दबाब दिएको बताएको जानकारी दिनुभयो । उहाँका अनुसार विवाहका क्रममा नगद १० लाख रुपैयाँ, सुन तथा अन्य सामग्री दिइसकिएको अवस्थामा थप दाइजो दिन नसकिने बताएपछि छोरीमाथि कुटपिट हुँदै आएको थियो । सोही कारण हत्या गरिएको उहाँको आरोप छ ।जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्माले घटनाका सम्बन्धमा मृतकका श्रीमान्लाई सोधपुछका लागि नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । उहाँले हत्या वा आत्महत्याबारे पोस्टमार्टम प्रतिवेदन आएपछि मात्रै यकिन गर्न सकिने



बताउनुभयो ।

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको प्रहरीले जनाएको छ । घटनाको सूक्ष्म अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ । घटनापछि ससुराली पक्षका अन्य सदस्य सम्पर्कविहीन रहेको स्थानीयले बताएका छन् ।

# जसपा नेपालको मधेश प्रदेश संसदीय दलको नेतामा सरोज यादव सर्वसम्मत चयन

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ७ गते, बर्दिवास**

जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) मा समाहित भएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालसहितको संयुक्त मधेश प्रदेश संसदीय दलको नेतामा सरोज कुमार यादव (बारा) सर्वसम्मत चयन हुनुभएको छ। बुधबार र बिहीबार दुई दिनसम्म बसेको बैठकले बिहीबार यादवलाई संसदीय दलको नेतामा चयन गरेको हो। मधेश प्रदेश सभा संसदीय दलको कार्यालयमा बसेको बैठकले निर्णय गरेको पूर्व अर्थमन्त्री एवं प्रदेश सभा सदस्य सञ्जय कुमार यादवले जानकारी दिनुभयो।

जसपा नेपालको १८ र लोसपाका ८ गरी मधेश प्रदेश सभामा हाल संयुक्त रूपमा २६ जना प्रदेश सभा सदस्य रहेका छन्।

आजको बैठकले पुर्व मुख्यमन्त्री समेत रहेका यादवलाई सहमतिको आधारम दलको नेता चयन गरिएको छ ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

“छोरी पढे, देश बढे“
“छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा“
“छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं“
“बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं“

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!“

**मिथिला नगरपालिका, धनुषा**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,